का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ मंसिर २०८२
शुक्रबार
5 December 2025
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु







# सक्रिय अख्तियार


■ तीन महिनामा ३६ मुद्दा ■ १ सय ७६ जना भ्रष्टाचारी ठहर

जेनजी आन्दोलनयता अख्तियारले विशेष अदालतमा लागेको मुद्दाको संख्या ३६ छ । जसमा अख्तियारद्वारा १ सय ७६ जना भ्रष्टाचारी ठहर भएका छन् । यद्यपि अख्तियारले भ्रष्टाचारी ठहर गरेकाउपर कानुनी परीक्षण हुन बाँकी छ ।

मुद्दाको संख्या




आरोपितको संख्या




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ मंसिर

पछिल्लो तीन महिनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ)ले ३६ वटा मुद्दा विशेष अदालतमा दायर गरेको छ। यो जेनजी आन्दोलनयताको तीन महिनाको तथ्यांक हो ।

भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि जेनजी पुस्ताले २३ र २४ भदौमा आन्दोलन गरेका थिए । सो आन्दोलनपछि अख्तियार थप सक्रिय भएको हो । अख्तियारका अधिकारी मुद्दा दर्ताको संख्यामा केही बढोत्तरी भएको बताउँछन् ।

पछिल्लो तीन महिना असोज, कात्तिक र मंसिर महिनाको बिहीबारसम्म अख्तियारले विशेष अदालतमा लगेको मुद्दाको संख्या मात्रै ३६ छ । जसमा अख्तियारले १ सय ७६ जना भष्टाचारी ठहर गरेको छ । यद्यपि अख्तियारले भ्रष्टाचारी ठहर गर्दै मुद्दा दायर गरेका कानुनी परीक्षण हुन बाँकी छ ।

अख्तियारले असोज महिनामा १२ वटा मुद्दा लगेको थियो । जसमा ६५ जना भ्रष्टाचारका आरोपित रहेका छन् । कात्तिक महिनामा ११ वटा मुद्दा लगेकामा २५ जनाविरुद्ध भ्रष्टाचारको आरोप छ ।

मंसिर महिनाको चालू अवधिको हालसम्म (बिहीबार)सम्म अख्तियारले १३ वटा मुद्दा विशेष अदालतमा दायर गरिसकेको छ । जसमा ७६ जना भ्रष्टाचारजन्य कार्यमा संलग्न रहेको अख्तियारको ठहर छ । यो तथ्यांक अख्तियारले गत असोज ३ गतेयता विशेष अदालतमा लगेका मुद्दासँग सम्बन्धित छ ।

अख्तियारले दायर गरेको पछिल्लो मुद्दा हो- भक्तपुरको नलिन्चोकमा निर्माण भएको हेलिपोर्ट निर्माणमा भएको भनिएको भ्रष्टाचार । यो हेलिपोर्ट नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्माण गरेको हो । जसमा भ्रष्टाचार भएको भनेर परेको उजुरीका सम्बन्धमा अनुसन्धान गरेर अख्तियारले मुद्दा लगेको हो ।

जसमा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का महानिर्देशक प्रदीप अधिकारी, तत्कालीन निर्देशक मुरारी भण्डारीसमेत ६ जनालाई अख्तियारले भ्रष्टाचारमा संलग्न रहेको ठहर गरेको छ । यसमा अभियन्त्र कन्सल्टिङ प्रालिउपर सार्वजनिक पनि सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोप छ । अख्तियारले मुद्दा दायर गरेसँगै क्यानका महानिर्देशक प्रदीप अधिकारी पक्राउ परिसकेका छन् । उनलाई बुधबार नै पक्राउ गरिएको हो । अख्तियारले अधिकारीसँगै क्यानका

>>> पृष्ठ २ मा

# राजनीतिमा लम्किएकी किशोरी

■ बेपत्ता परिवारकी छोरी ■ जेनजी आन्दोलनकी उद्धारकर्ता

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १८ मंसिर

भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा बानेश्वरस्थित संसद् भवनबाहिर सुदूरपश्चिमका पारस विके गोली लागेर ढले । उनी रगताम्मे अवस्थामा छट्पटाइरहेका थिए । उनको उद्धार कसरी गर्ने भन्नेमा प्रदर्शनकारीहरू अलमलमै थिए । भय-त्रासको वातावरण थियो । त्यहीँ भीडबाट साहस बटुलेर पारसलाई उद्धार गर्न अघि सरिन्, किशोरी कार्की । उनीसँग मोटरसाइकलसमेत थिएन । एक जना राइडरसँग बाइक लिएर उनी आफैंले मोटरसाइकलमा पारसलाई अस्पताल पुऱ्याइन् र पुनर्जन्म दिइन् ।

जेनजी विद्रोहका धेरै तस्बिर र दृश्य सामाजिक सञ्जालमा भाइरल छन् । तीमध्ये एक थियो, कार्कीले गरेको उद्धार कर्म । तनावपूर्ण स्थितिमा भीड छिचोल्दै पारसलाई उद्धार गर्न पुगेकी थिइन् । जहाँ उनी आफैं पनि असुरक्षित थिइन् । 'माइतीघरमा भइरहेको जेनजी आन्दोलन बानेश्वरतर्फ लाग्यो । आन्दोलन विस्तारै हिंस्रक बनेपछि छेउमा बसेर नियालिरहेकी थिएँ । अचानक गोली चल्यो,' उनी सम्झिन्छिन्, 'मेरो नजिकै एक जना युवा ढले ।

>>> पृष्ठ २ मा



*आफूले उद्धार गरेका जेनजी आन्दोलनका घाइते पारस विकेलाई अस्पतालमा भेट्दै किशोरी कार्की । तस्बिर : किशोरी कार्कीको फेसबुकबाट*

**वैदेशिक रोजगार विशेष**

# मलेसियाबाट म्यानपावरलाई नक्कली कागजात पठाउने ठग गिरोह सक्रिय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ मंसिर

ठगी गिरोहले मागपत्र प्रमाणीकरणका नक्कली कागजात नेपाली म्यानपावर कम्पनीलाई पठाइएको भन्दै सतर्कता अपनाउन मलेसियास्थित नेपाली राजदूतावासले आग्रह गरेको छ । नेपाली राजदूतावास मलेसियाले शुक्रबारको साप्ताहिक फेसबुक कार्यक्रममार्फत सचेत रहन आग्रह गरेको हो ।

विभिन्न व्यक्ति तथा समूहबाट दूतावासमा विभिन्न कम्पनीका नाममा 'मागपत्र प्रमाणीकरणका लागि कागजात अनलाइन प्रणालीमा प्रविष्ट गरेको' भनी स्क्रिनसट गरी विभिन्न व्यक्ति तथा नेपालस्थित मेनपावर व्यवसायीलाई पठाउने तथा अपलोड गरेको स्क्रिन सटलाई इडिट गरेर पठाउने गरेको पाइएको दूतावासले बताएको छ ।


मलेसिया सरकारको गृह मन्त्रालय मलेसिया केडिएनले जारी गरेको एउटै केडिएन नम्बर देखाई झुक्याउने तथा केडिएन नम्बरलाई विद्युतीय माध्यमबाट टेम्परिङ इडिट गरी विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक प्रलोभनमा पारेर ठगी गर्ने गरेको दूतावासको भनाइ छ ।

मागपत्र प्रमाणीकरणसम्बन्धी कागजात सम्बन्धित रोजगारदाताले नै अनलाइन प्रणालीमा प्रविष्ट गर्नुपर्नेहुन्छ । तर अनलाइन प्रणालीको युजर नेम र पासवर्ड अनधिकृत व्यक्तिहरूको पहुँचमा पुग्न गई रोजगारदाता कम्पनीको जानकारी वा सहमतिबिना नै मागपत्रहरू अनलाइन प्रणालीमा पेस हुने गरेको पनि दूतावासले बताएको छ ।

राजदूतावासले नक्कली कागजातबाट उत्पन्न हुने जोखिमको जिम्मेवार सम्बन्धित म्यानपावर कम्पनी र रोजगारदाता नै हुने हुँदा कामदारको भर्ना प्रक्रिया अघि बढाउनुअघि एकपटक सम्पर्क गर्न आग्रह गरेको छ । राजदूतावासले मलेसियास्थित रोजगारदाताहरूबाट आवश्यक कागजातसहित

>>> पृष्ठ २ मा

# पुटिन–मोदीले दिल्लीमा मिलाए गला



**काठमाडौं/मस–** रुसका राष्ट्रपति भ्यादमिर पुटिन भारत भ्रमणमा छन् । उनी दुईदिने भारत भ्रमणका लागि बिहीबार नयाँ दिल्ली आइपुगेका हुन् । राष्ट्रपति पुटिनलाई लिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी स्वयं पालम एयरपोर्टमा पुगे । स्वागतका क्रममा दुवै नेताले गला मिलाए । यी दुवै शक्ति राष्ट्रका प्रमुख हुन् । पुटिन शुक्रबार दिल्लीमा

>>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

१९ मंसिर २०८२ शुक्रबार
5 December 2025 Friday

## ▌चुनावको माहोल

# प्रधानमन्त्रीलाई दल मनाउनै हम्मे

एमाले अध्यक्ष केपी ओलीमाथिको स्थान हद नहटाउने र रास्वपा सभापति रवि लामिछानेलाई कारागारबाट नछाडेको अवस्थामा एमाले र रास्वपा खुलेर निर्वाचनमा नआउने विश्लेषण भइरहेको छ ।



“प्रधानमन्त्री नियुक्ति र संसद् विघटन दुवै असंवैधानिक भएकाले एमालेको पहिलो सर्त संसद् पुनर्स्थापना नै हो । सरकारले चुनाव गराउनेमा हामी विश्वस्त छैनौं । तर चुनावबाट एमाले भाग्दैन ।

■ **महेश बर्तौला**
एमाले नेता



“निर्वाचन आवश्यक छ । तर दल र जेनजी ढुक्क छैनन् । निष्पक्ष स्वतन्त्र र भयरहित निर्वाचनका लागि सरकारले प्रतिबद्धता जनाए पनि थप मिहिनेत गर्नुपर्ने देखिन्छ ।

■ **गेजा शर्मा वाग्ले**
राजनीतिक विश्लेषक

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १८ मंसिर

सरकारले फागुन २१ को प्रतिनिधि सभा निर्वाचनको माहोल बन्दै गएको दाबी गरेको छ । तर निर्वाचनका मुख्य सरोकारवाला दलहरू नै सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले चुनाव गराउनेमा ढुक्क देखिँदैनन् ।

प्रधानमन्त्री कार्कीले आज शुक्रबार प्रमुख पाँच राजनीतिक दल, निर्वाचन आयोगका आयुक्तहरू र सुरक्षा निकायका प्रमुखसहितको बैठक आह्वान गरेकी छिन् । निर्वाचन सुनिश्चितताको विश्वास दिलाउन कार्की स्वयंले सबैजसो राजनीतिक दलहरूसँग एक्लाएक्लै र सामूहिक संवादलाई निरन्तरता दिँदै आएकी छिन् । तर उनलाई दलको विश्वास जित्न हम्मेहम्मे परेको छ ।

सरकारप्रति दलहरूको अविश्वास तोड्न बोलाइएको बैठकमा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपालाई निम्ता गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा दिउँसो ४ बजे बस्ने बैठकमा फागुन २१ को प्रतिनिधि सभा निर्वाचन र माघ ११ मा हुने राष्ट्रिय सभा निर्वाचनका सन्दर्भका कुराकानी हुनेछ । ‘खासगरी प्रतिनिधि सभाको निर्वाचनका सन्दर्भमा यो छलफल केन्द्रित हुनेछ,’ प्रधानमन्त्रीका प्रेस विज्ञ राम रावलले भने, ‘यसअघिका छलफलमा कुनै पनि दलले चुनावमा सहभागी हुँदैनौं भनेका छैनन् । तर उनीहरूको सरोकारको विषय चुनावी सुरक्षा भएकाले दल र सुरक्षा निकायका प्रमुखहरूसँगै राखेर छलफल गराउन प्रधानमन्त्रीले पहल गर्नुभएको हो ।’

गत मंसिर ११ गते प्रधानमन्त्री कार्कीले नेकपा एमालेका नेताहरूसँग छुट्टै छलफल गरेकी थिइन् । प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा एमाले महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली र नेता महेश बर्तौला सहभागी थिए । उनीहरूसँग प्रधानमन्त्री कार्कीले निर्वाचनमा सहभागी हुन आग्रह गरिन् । एमालेका नेताहरूले भने नेताहरूमाथि लगाइएको स्थान हद हटाउनुपर्ने र शान्ति सुरक्षाको स्थिति विश्वसनीय बनाउन प्रधानमन्त्रीलाई आग्रह गरेको नेताहरूले बताएका छन् ।

संसद् पुनर्स्थापनाको माग लिएर आफ्नो दल सर्वोच्च अदालतमा पुगेकाले चुनावभन्दा संसद् पुनर्स्थापना नै पहिलो प्राथमिकता रहेको नेता बर्तौलाले बताए । उनले मध्यान्हसँग भने, ‘यो सरकार गठन प्रक्रिया नै असंवैधानिक छ । एमालेले प्रस्ट भनेको छ प्रधानमन्त्री नियुक्ति र संसद् विघटन दुवै असंवैधानिक भएकाले एमालेको पहिलो सर्त संसद् पुनर्स्थापना नै हो । सरकारले चुनाव गराउनेमा हामी विश्वस्त छैनौं । तर चुनावबाट एमाले भाग्दैन ।’



त्यस्तै, मंसिर ३ गते प्रधानमन्त्री कार्कीले निर्वाचन आयोगमा दर्ता भएका महत्वपूर्ण दलसँग छलफल गरेकी थिइन् । सरकारका कामकारबाही र प्राथमिकताबारे जानकारी दिने उद्देश्यका साथ छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । सो छलफलमा निर्वाचनको वातावरण बनाउन सरकार लागिरहेकाले दलहरूबाट सहयोगको अपेक्षा गरेकी थिइन् । २०८२ भदौ २७ मा प्रधानमन्त्री नियुक्त भएकी कार्कीले साढे दुई महिनामा राजनीतिक दल, जेनजीका प्रतिनिधि, सुरक्षा निकाय, नागरिक समाजलगायत निर्वाचनसँग सम्बन्धित सरोकारवालासँग चरणबद्ध छलफल चलाइसकेकी छन् ।

राजनीतिक विश्लेषक गेजा शर्मा वाग्ले निर्वाचनको वातावरण तयार गर्न सरकारले थप मिहिनेत गर्नुपर्ने बताउँछन् । उनले भने, ‘निर्वाचन आवश्यक छ । तर राजनीतिक दल र जेनजी ढुक्क छैनन् । निष्पक्ष स्वतन्त्र र भयरहित निर्वाचनका लागि सरकार प्रतिबद्ध भएको जनाए पनि थप मेहनत गर्नुपर्ने देखिन्छ ।’ सुरुमा राजनीतिक दलसँग संवाद नै नगर्ने बताएकी कार्की पछिल्लोपटक दलहरूसँगै निर्वाचनको वातावरण बनाइदिन हारगुहार गरिरहेकी छन् । उनले मंसिर १४ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेताहरूसँग समेत छलफल गरिसकेकी छन् । रास्वपाका नेताहरूले निर्वाचनमा जाने बताउँदै पार्टी सभापति रवि लामिछानेको रिहाइ हुनुपर्ने सर्त राखेका छन् । अघिल्लो सरकारले प्रतिशोधका आधारमा मुद्दा चलाएको दाबी गर्दै नागरिक सरकारले आफ्ना सभापतिलाई कारागार मुक्त गर्नुपर्ने रास्वपा नेताहरूले बताएका हुन् ।

एमाले अध्यक्ष ओलीमाथि लगाइएको स्थान हद नहटाउने र रास्वपा सभापति लामिछानेलाई नछाडेको अवस्थामा एमाले र रास्वपा खुलेर निर्वाचनमा नजाने विश्लेषण भइरहेको छ । दलका प्रतिनिधिहरूसँग पटकपटक छलफल गरेकी प्रधानमन्त्री कार्कीले शीर्ष नेताहरूसँग भने संवादहीनता कायमै छ । तर उनी पछिल्लोपटक पुराना दलका शीर्ष नेताहरूसँग समेत संवाद गर्न चाहेकी छन् । आज हुने छलफलमा पार्टीका शीर्ष नेताहरूको सहभागीता हुने प्रधानमन्त्रीले अपेक्षा गरेको बताइएको छ । ‘हाम्रो चाहना शीर्ष नेता नै आउनुहुन्छ भन्नेछ,’ प्रेस विज्ञ रावलले मध्यान्हसँग भने, ‘तर दलले कसलाई पठाउनुहुन्छ, त्यो उहाँहरूको कुरा हो । दलहरूले पठाएका नेताहरू नै शीर्ष नेता हुन् भन्ने हामीले बुझ्छौं ।’ रावलले त्यसो भने पनि शीर्ष नेताहरूलाई बालुवाटार बोलाउँदा जेनजी अगुवाको बिरोध हुने दबाबमा उनी छिन् । गत सोमबार भएको नागरिक समाजका अगुवासँगको छलफलमा प्रधानमन्त्री कार्कीले दलका शीर्ष नेतासँग पनि संवाद गर्ने बताएकी थिइन् । फागुन २१ गतेको निर्वाचनको सुनिश्चितताका लागि शीर्ष नेतासँग संवाद गर्ने बताए पनि शीर्ष नेता र प्रधानमन्त्रीको भेट हुन सकेको छैन ।

# हाइप्रोफाइल व्यक्तिहरूमाथि सुरक्षा चुनौती

**काठमाडौं/मस-** अज्ञात उग्रवादी समूहका नाममा सरकारी संयन्त्रमा धम्कीपूर्ण पत्र पुगेपछि उपत्यका प्रहरीले १० जना हाइप्रोफाइल व्यक्तिहरूमाथि सुरक्षा सतर्कता बढाएको छ । उपत्यका प्रहरी कार्यालय, रानीपोखरीले जिल्ला प्रहरी कार्यालयहरूलाई ती व्यक्तिहरूको निवास, भ्रमण मार्ग र कार्यक्रमस्थलमा सुरक्षा व्यवस्था कडाइ गर्न निर्देशन दिएको हो ।



कार्यालयका एसपी सीताराम रिजालको हस्ताक्षर रहेको पत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तदेखि पूर्वमन्त्री तथा पूर्व आईजीपीसम्मका नाम समेटिएको बताइएको छ । पत्रमा ती व्यक्तिहरू बासस्थान रहेको क्षेत्रमा गस्ती, निगरानी, सादा पोसाकमा प्रहरी परिचालन र गोप्य रूपमा सूचना संकलन बढाउन भनिएको छ ।

प्रहरीले धम्की संलग्न पत्रलाई सामान्य रूपमा नलिएर उच्च सतर्कता अपनाएको बताएको छ । सामाजिक सञ्जालमा आफूलाई ‘उग्रवादी संगठनको अध्यक्ष’दाबी गर्ने युवकले पूर्व आईजीपी र अख्तियार प्रमुखसहित केही व्यक्तिलाई ज्यान मार्ने चेतावनी दिने भिडियो सार्वजनिक गरेका थिए । उनले अख्तियार प्रमुखलाई राजीनामा माग्दै १० दिनभित्र ‘सफा गर्ने’धम्की दिएका थिए ।

प्रहरीकोनिर्देशनअनुसारकाठमाडौं, भक्तपुर र ललितपुरमा रहेका प्रहरी युनिटहरूलाई कार्यक्रमस्थल र जोखिमपूर्ण क्षेत्रमा विशेष निगरानी तथा सूचना संकलन गर्न पठाइएको छ । धम्की दिने युवकबारे अनुसन्धान भइरहेको र कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

# नेपाली महलाई प्राथमिकताका साथ प्रवर्धन गर्न सरकारसँग आग्रह



**काठमाडौं/मस-** अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)ले विदेशी मह आयातलाई रोक्दै नेपाली महलाई प्राथमिकताका साथ प्रवर्धन गर्न सरकारसँग आग्रह गरेको छ ।

महासंघले बिहीबार विज्ञप्ति जारी गरी विदेशी महको आयात रोक्न र माहुरीपालक किसानहरूलाई तालिम, प्रशिक्षण, अनुदान दिँदै मह उद्योगहरूको आवश्यक अनुगमनसहित स्वदेशी मह उत्पादन क्षेत्रको प्रवर्धनको कार्यक्रम अघि सार्न सरकारसँग आग्रह गरेको हो ।

विज्ञप्तिमा भनिएको छ, ‘कृषिप्रधान देश नेपालको दुई तिहाइ जनसंख्या आफ्नो जीवन र जीविकाका लागि कृषि पेसामा आश्रित रहेको र देशको अर्थतन्त्रमा झन्डै एक तिहाइ हिस्सा ओगट्ने भएकाले सरकारले गर्ने सामान्य नीतिगत निर्णयहरूले पनि जनसंख्याको ठुलो हिस्सा र समग्र अर्थतन्त्रमा गम्भीर प्रभाव पर्न जान्छ ।’

महासंघले परालको काठमाडौं उपत्यकाका पशुपालक तथा च्याउ उत्पादनका निम्ति पराल ल्याउने क्रममा चाङ देखाएर विगत केही समयदेखि भँवरलोड/ओभरलोड भएको भन्दै तराईका विभिन्न जिल्लामा प्रहरीले प्रतिट्रक ५ सय देखि एक हजारसम्म घूस लिएर ढुवानीको ट्रक छाड्ने गरिएको भन्दै दोषीमाथि कारबाहीको माग पनि गरेको छ । घूस लिने भएको कारण केही दिनदेखि परालको ढुवानी पूर्ण रूपमा बन्द गरिएको महासंघका अध्यक्ष चित्रबहादुर केसीको भनाइ छ ।

अध्यक्ष श्रेष्ठले भने, ‘यो देशभर धान-पराल भित्र्याउने र बिक्री वितरण गर्ने समय हो । धानको भण्डारका रूपमा रहेको तराईका किसानहरूले धान-पराल बेच्ने र पहाड तथा विशेषगरी काठमाडौं उपत्यकाका पशुपालक तथा च्याउ उत्पादक किसानले ठूलो मात्रामा पराल खरिद गरी भित्र्याउने समय हो, त्यसैले तसर्थ यस कार्यमा संलग्न भ्रष्ट प्रहरीहरूलाई कारबाही गर्न र परालको ढुवानीलाई सहजीकरणसहित अविलम्ब खुलाउन हामी जोडदार माग गर्दछौं ।’

## सक्रिय...

पूर्वमहानिर्देशक मुरारी भण्डारीलाई पनि नियन्त्रणमा लिएको छ । यसअघि सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा कटहरिया नगरपालिका, रौतहटका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत राम प्रकाशसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । त्यसमा सरिता फाउन्डेसन काठमाडौंउपर समेत भ्रष्टाचारको मुद्दा छ ।

नरहरिनाथ गाउँपालिका, कालिकोटका तत्कालीन उपाध्यक्ष मनशोभा बुढा र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपानेविरुद्ध समेत मुद्दा परेको छ । उनीहरूसहित नरहरिनाथ गाउँपालिका कालिकोटका-७ का तत्कालीन वडा अध्यक्ष दलबहादुर विश्वकर्मासमेत आठ जनाउपर गैरकानुनी लाभ तथा हानि पुर्‍याई भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर भएको हो ।

उक्त गाउँपालिकाका तत्कालीन उपाध्यक्ष मनशोभा बुढा, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत दुर्गालाल न्यौपाने, वडा नम्बर ७ का तत्कालीन वडा अध्यक्ष दलबहादुर विश्वकर्मासमेत भ्रष्टाचारको मुद्दा परेको छ ।

स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक डा. संगीता कौशल मिश्राविरुद्ध समेत भ्रष्टाचार आरोप लगेको छ । गत कात्तिक २ गते अख्तियारले स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक डा. मिश्रासहित १४ जनाउपर भ्रष्टाचारको मुद्दा विशेष अदालतमा लगेको थियो ।

स्वास्थ्य सेवा विभागको म्यामोग्राफी मेसिन खरिद क्रममा लागत अनुमान तयार गर्दादेखि नै मिलेमतो गरी ठेकेदार कम्पनीलाई सम्झौताको सर्तबमोजिमको सम्पूर्ण सामग्री प्राप्त नै नभएको अवस्थामा बदनियत राखी सम्पूर्ण सामग्री आएको अख्तियारको ठहर छ । गलत ढुवानी परीक्षण रिर्पोट प्रतिवेदन दाखिला गरेको, झुट्टा बिल बिजकलगायत तयार गरी गराई भुक्तानी दिई लिई भ्रष्टाचार गरेको भनेर अख्तियारले मुद्दा लगेको हो । यसमा तत्कालीन महानिर्देशक डा. संगीता कौशल मिश्रासमेत १४ जना आरोपित रहेका छन् ।

## राजनीतिमा...

छातीमा गोली लागेका ती भाइ पीडाले छटपटाइरहेको देखें । मैले धेरैबेर हेर्न सकिनँ । नजिकै चाबीसहितको बाइक देखें । केही नसोची त्यसैमा ती युवालाई बोकेर सिभिल अस्पतालतर्फ लागें ।’

उनलाई फर्किनेबेला ट्राफिकले ‘बाइक कसको ?’ भनेर बाटोमा केरकार गर्‍यो । उनले साँचोसहित बाइक प्रहरीलाई बुझाइन् र फर्किइन् । २४ गते दिउँसो सबै प्रहरीचौकी जल्दा त्यो बाइक पनि जल्यो । बाइकबाट कसैले साँझबिहानको छाक टार्दै थियो । उनलाई नराम्रो लाग्यो । त्यसपछि घटनाको जानकारी दिँदै सामाजिक सञ्जालमार्फत उनले सहयोग अपिल गरिन् । देश विदेशमा रहेका नेपालीहरूबाट सहयोग पनि जुट्यो । अन्ततः उनी पठाओ राइडरलाई नयाँ बाइक किनेर दिन सफल भइन् ।

ओखदढुंगाकी चिशंखुगढी-६ स्थायी घर भई हाल विरानगर बस्दै आएकी कार्कीको यो एउटा साहसीपूर्ण काम थियो । यसरी नै उनी परिचित भइन् । तर उनको त्यो साहस देख्न उनका साथमा बुवा थिएनन् । उनले आफ्नो विगत सम्झिन् । २३ वर्षअघि उनका बुवा हिमालकाजी काकीलाई तत्कालीन सरकार पक्षले अपहरण गरेर बेपत्ता बनाएको थियो । ‘म २२ महिनाको छँदा तत्कालीन सरकार पक्षले मेरा आमा र बुबालाई अपहरण गरेको थियो । १५ महिनापछि आमा रिहा हुनुभयो । बुबा अझै बेपत्ता हुनुहुन्छ,’ उनले बेपत्ता बुबालाई सम्झिदै भनिन्, ‘फर्किनुहुन्छ कि भन्ने आसा अझै छ ।’

किशोरीका बुवा कार्की र आमा पशुपति बस्नेत तत्कालीन नेकपा माओवादीमा आबद्ध भएका कारण २०५८ सालमा सेनाको अपहरणमा परेका थिए । उनका बुवाआमा दुवै शिक्षण पेसामा थिए । बुबा माओवादीमा आस्था राख्ने भएपछि सुरक्षा चुनौती देखिएपछि कटारीमा लुकेर बसेका थिए । प्रहरीले त्यहाँ गएर पक्राउ गरेको थियो तर कहाँ लगियो भन्ने अहिलेसम्म पत्ता लागेको छैन । उनको आमालाई १६ महिना हिरासतमा राखेर यातना दिइएको बताइन् । जेलबाट छुटेर उनले विराटनगरमा सरुवा गराइन् र त्यतै छोरीलाई हुर्काइन् ।

किशोरीलाई सानैदेखि बाइक चलाउन मन पर्थ्यो । ‘धेरैले मलाई बाइक चलाएको देखेर राइडर हो कि भनेर प्रश्नसमेत गरे,’ उनले भनिन्, ‘जानीनजानी सिकेको कुरा त्यो दिन काम लाग्यो, परिस्थिति पनि त्यस्तै बन्यो । अहिले त लाइसेन्स पनि छ ।’

बेपत्ता परिवारकी छोरी किशोरीलाई जेनजी आन्दोलनले विस्तारै राजनीतितर्फ डोर्‍याएको छ । उनकै नेतृत्वमा नवनिर्माण पार्टी दल दर्ताका लागि निर्वाचन आयोगमा प्रक्रियामा छ । ‘हालको अवस्थामा दल दर्ता आवश्यक भएकाले यो कदम चालेकी हुँ । नेपालको निर्वाचन प्रणालीमा दलगत रूपमा सहभागी हुनाले समानुपातिक मतको पनि कदर हुन्छ,’ उनले भनिन् ।

ऊर्जामन्त्री कुलमान घिसिङ संरक्षण रहेको उज्यालो नेपाल पार्टीको घोषणा कार्यक्रममा समेत उनी पुगिन् । उनी उज्यालो पार्टीमा प्रवेश गरेकी हुन् त ? किशोरीले मध्यान्हसँग भनिन्, ‘सबै नयाँ दल एक हुनुपर्छ भन्ने मान्यताले बोलेकी हुँ । पार्टीमा प्रवेश गरेकी छैन । हाम्रो दल दर्ताको प्रक्रियामा नै छ ।’

भदौ २३ र २४ गते बगेको जेनजीको रगत खेर नजाओस् भन्न सबै एकठाउँमा आउन आवश्यक रहेको उनी बताउँछिन् । जेनजी आन्दोलनमा ज्यान गुमाएकाहरूका परिवारले क्षतिपूर्ति पाए पनि राज्य दमनका दोषीमाथि कारबाही नहुँदासम्म न्यायको महसुस नहुने उनी बताउँछिन् । ‘अहिले आवाज उठाउन सकिएन भने न्याय पाउन गाह्रो हुन्छ । कतिपयले सडकबाट घाइतेलाई उठाएर अस्पताल लानेबित्तिकै राजनीतिमा आउनुपर्ने भन्दै प्रश्न गरिरहेका छन्,’ किशोरी भन्छिन्, ‘राजनीति उमेरले होइन्, पीडा, भोगाइ र जीवनले सिकाउने हो ।’

जेनजी आन्दोलनका माग औपचारिक सम्बोधन हुन नसकेकामा उनी दुःखी छिन् । आन्दोलनले राज्यको मानसिकताप्रति धक्का दिएकाले अब शासकले युवाको आवाज सुन्नैपर्ने स्थिति आएकोमा सन्तोष मान्दै किशोरी भन्छिन्, ‘सरकारले दबाउन सक्छ तर विचारलाई कहिल्यै रोक्न सक्दैन ।’

## मलेसियाबाट...

पेस भएका मागपत्र नियमित रूपमा प्रमाणीकरण गरिँदै आइरहेको भन्दै आधिकारिक र वैधानिक रूपमा आउने मागपत्र प्रमाणीकरणमा भने कुनै समस्या नरहेको बताएको छ । नेपालीहरूको प्रमुख गन्तव्य मुलुकका रूपमा रहेको मलेसियामा हाल करिब ४ लाख नेपाली कार्यरत छन् ।

मलेसिया नखुलेको म्यानुफ्याक्चरिङ क्षेत्रको रोजगारीका विषयमा नेपालीको धेरै चासो छ । केही समूहले म्यानुफ्याक्चरिङ क्षेत्रको डिमान्ड एप्रुभल हुन थालेको भन्दै रकम असुली गर्न थालेपछि केही समयअघि नेपाली राजदूतावासले म्यानुफ्याक्चरिङ क्षेत्रको रोजगारी नखुलेकाले सामाजिक सञ्जालका सूचनामा भर नपर्न आग्रह गरेको थियो । काठमाडौंका केही म्यानपावर कम्पनीहरूले मलेसियामा म्यानुफ्याक्चरिङ क्षेत्रको रोजगारी खुल्यो भन्दै अन्तर्वार्ता गरी रकम उठाउने गरेको जानकारी पुगेपछि नेपाली राजदूतावासले सामाजिक सञ्जालमा आएका जानकारी र समाचारप्रति विश्वास नगरी दूतावासमा सम्पर्क गर्न आग्रह गरेको थियो । मलेसियामा सेमी कन्डक्टर भनिने विद्युत् र इलेक्ट्रोनिक्स, पेट्रोलियम, रसायन, रबर र प्लास्टिक उत्पादनहरू, खाद्य, पेय पदार्थ, र सुर्तीजन्य क्षेत्र म्यानुफ्याक्चरिङअन्तर्गत पर्छन् । ती क्षेत्रमा ठुलो संख्यामा नेपाली कामदार जाने गरेका छन् ।

## पुटिन...

प्रधानमन्त्री मोदीसँग २३औं भारत-रुस वार्षिक शिखर सम्मेलनमा सहभागी हुनेछन् ।

राष्ट्रपति पुटिनको भारत आउनुअगाडि नै रुसी मन्त्रीहरू दिल्ली आइपुगेका थिए । जसमा रुसी उपप्रधानमन्त्री डेनिस मान्टुरोभ र रक्षामन्त्री सर्गेई सोइगुलगायत रहेका छन् । पुटिनको भ्रमणका क्रममा दिल्लीमा सुरक्षा व्यवस्थामा कडाइ गरिएको छ ।

विश्व राजनीतिमा द्रुत परिवर्तन आइरहेका बेला रुसी राष्ट्रपति पुटिनको भारत भ्रमण भएको हो । यसकारण यसलाई अर्थपूर्ण रूपमा हेरिएको छ । युक्रेनसँगको युद्ध, पश्चिमी देशहरूसँग रुसको बढ्दो तनावका बेला रुसी राष्ट्रपति पुटिनले भारत भ्रमण गरेका हुन् ।

पुटिनलाई स्वागत गर्न पाउँदा खुसी भएको भनेर भारतीय प्रधानमन्त्रीले सामाजिक सञ्जालमा लेखेका छन् । आफूले रुसी राष्ट्रपतिलाई स्वागत गर्न पाउँदा खुसी भएको उल्लेख गर्दै उनले पुटिनको भ्रमणका क्रममा हुने बैठकहरूको प्रतीक्षामा रहेको समेत बताएका छन् ।

पुटिनको भ्रमणका क्रममा भारतीय अन्य पार्टीहरूले समेत भेट चाहेका छन् । प्रतिपक्षी दल कांग्रेसका राहुल गान्धीले विदेशी प्रतिनिधिमण्डलसँग विपक्षी दलहरूले समेत भेट पाउनुपर्ने तर भारतीय सत्तापक्ष नै तयार नरहेको आरोप लगाएका छन् ।

## भूलसुधार

**मध्यान्ह** राष्ट्रिय दैनिकको २०८२ मंसिर १८ गते प्रथम पृष्ठमा प्रकाशित ‘**पार्टीमा वृद्ध शासन**’ शीर्षकको मुख्य समाचारका तस्बिरहरूमध्ये शेरबहादुर देउवा र शेखर कोइरालाको तस्बिरमा भुलवश अन्यथा नाम प्रकाशित हुन गएकोमा भुलसुधार गरिएको छ । प्राविधिक कारणले हुन गएको यस त्रुटिबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमायाचना गर्दछौं ।

*-प्रधान सम्पादक*

# निर्वाचनपछि युवाको हातमा सत्ता सुम्पिन तयार छौं : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले घोषित मितिमा निर्वाचन सम्पन्न भएलगत्तै युवाशक्तिको हातमा सत्ता सुम्पिएर मुलुकलाई तीव्र विकासको बाटोमा अग्रसर गराउन सरकार प्रमुखको दायित्व भएको बताएकी छन् । ज्यापु संस्कृति विकास कोषको आयोजनामा बिहीबार काठमाडौंमा सम्पन्न २२ औं राष्ट्रिय ज्यापु दिवस समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले यस्तो बताएकी हुन् ।

उनले घोषित मितिमा निर्वाचन सम्पन्न गर्न सरकार पूर्णरुपमा तयारीमा जुटेको पनि बताइन् । जेनंजी आन्दोलनले उठाएका मागहरू सम्बोधन गर्न सरकार गम्भीर रहेको पनि बताइन् ।

जेनजी आन्दोलनले भ्रष्टाचारको अन्त्य, सुशासन, रोजगारी र गास, बास, कपासको ग्यारेन्टी माग गरेको उल्लेख गर्दै उनले ती मागहरू पूरा सबै कटिवद्ध हुनुपर्नेमा जोड दिइन् ।

'गत भदौ २३ र २४ को जेनजी आन्दोलनसँगै घटेका घटनाहरूबाट हामीले एउटा पाठ सिक्नपरेको छ । मुलुकको युवा शक्तिले भ्रष्टाचार अन्त्य, सुशासनको स्थापना, आम जनतालाई रोजगारी, गास, बास, कपासको सुनिश्चितताको माग गरेको छ । ती मागहरूलाई पूरा गर्न सबैले कटिवद्ध भएर आ-आफ्नो ठाउँबाट लाग्न आवश्यक छ,' उनले भनिन् ।

# 'एमाले अध्यक्षमा ओली नै निश्चित, अन्य पदाधिकारीमा छलफल हुन्छ'



**काठमाडौं/मस–** नेकपा (एमाले) का उपमहासचिव विष्णु रिमालले पार्टीको ११औं महाधिवेशनले पनि केपी शर्मा ओलीलाई अध्यक्ष बनाउने दाबी गरेका छन् ।

प्रेस चौतारी नेपालले बिहीबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले एमालेले फेरि पनि ओलीलाई अध्यक्ष बनाउने निष्कर्ष निकालिसकेको बताएका हुन् । उपमहासचिव रिमालले ओली फेरि पनि एमालेको अध्यक्ष हुने कुरा निश्चित भएको उल्लेख गर्दै सो समाचार लेखेरै राख्न पनि सञ्चारकर्मीहरुलाई आग्रह गरे । उपमहासचिव रिमालले पार्टीको महाधिवेशन प्रतिनिधि चयनमा देखिएको गुनासो पार्टीले तत्काल सम्बोधन गर्ने समेत बताए ।

उनले भने,'अध्यक्ष ओली नै हुनुहुन्छ । अन्य पदाधिकारीमा छलफल हुन्छ ।' उपमहासचिव रिमालले नीतिको प्रश्नमा एमालेमा विवाद नभएकाले नेतृत्व चयन पनि सहमती नै हुने अवस्था रहेको तर्क गरे ।

# 'फागुन २१ मै निर्वाचनको विकल्प छैन'




**काठमाडौं/मस–** संयुक्त नागरिक पार्टीले पूर्वनिर्धारित समयमा चुनाव सम्पन्न नभए देश दुर्घटनामा जाने चेतवानी दिएको छ ।

बिहीबार संवाद डबलीमा पत्रकार सम्मेलनको आयोजना गरी सरकार र दलहरु चुनावी प्रक्रियाप्रति जिम्मेवार हुनसमेत पार्टीले आग्रह गरेको छ ।

सो पार्टीका अध्यक्ष दलमर्दन कामीले जेनजी बिद्रोहबाट बनेको सरकारले आफ्नो जिम्मेवारीलाई पूर्ण ध्यान दिनुपर्ने र निर्धारित समयसीमाभित्रै चुनाव गराउनुपर्नेमा जोड दिए ।

अध्यक्ष कामीले जेनजी आन्दोलनमा दमन र घुसपैठ गर्ने दुबैलाई कडाभन्दा कडा कानुनी कारवाही गर्नुपर्ने माग गर्दै भने,'दमनकारीहरु तंग्रिएर पुनः टाउको उठाउन खोजी रहेका छन्, भने अर्कोतर्फ घुसपैठ गरेर धन-जनको क्षति गर्ने तत्वहरु खुल्लमखुल्ला राज्यलाई चुनौति दिनु दुःखद विषय बनेको छ ।'

अध्यक्ष कामीले आफ्नो दलले गितार चिन्ह लिएर मैदानमा उत्रिएकोले समस्त मतदाताले गितार चुनव चिन्हमा मतदान गरिदिन पनि अपिल गरे ।

उपाध्यक्ष डा.शिवहरि भट्टराईले पछिल्लो समयमा दल र नेताहरु सस्तो लोकप्रियताका लागि समाज भड्काउने दिशातर्फ अग्रसर भइरहेकोप्रति चिन्ता व्यक्त गरे । महासचिव डा.तेजबहादुर रोक्काले लाखौं लाख नेपाली नागरिकहरु विदेशमा रहेकाले उनिहरुको मताधिकारलाई पनि सुरक्षित गर्न माग गरे ।

एक पटकको नेपाली सदाका लागि नेपाली भन्ने मान्यता अनुरुप विदेशबाटै मताधिकार प्रयोग गर्न पाउनुपर्ने महासचिव रोक्काको तर्क थियो ।

पार्टीका सह-महासचिव तथा प्रवक्ता विदुर अधिकारीले जेनजी पुस्ताले गरेको साहसी बलिदानको स्मरण गर्दै, अब सम्पूर्ण अग्रगामी उदियमान दल-बल र शक्तिहरु कार्यनीतिक एकता गर्दै चुनावी रणमैदानमा एकसाथ होमिएर पुरातन दलतन्त्रलाई परास्त गर्नुपर्नेमा जोड दिए ।

# एमालेले महाधिवेशनमा विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने

**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आसन्न ११औं राष्ट्रिय महाधिवेशनमा नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने भएको छ ।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले नेतृत्व चयन प्रक्रिया छिटो छरितो बनाउन यसपटक पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने बताए । एमालेले यसअघि चितवनमा सम्पन्न १०औं राष्ट्रिय महाधिवेशनमा पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गरेको थियो ।

'हामीले नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने निर्णय गरेका छौँ' उनले भने, 'टेण्डर आह्वान भइसकेको छ । चाँडै नै कुन कम्पनीले गर्ने भन्ने निर्णय हुन्छ ।'

महाधिवेशनले यसपटक एमालेमा १५ पदाधिकारीसहित २ सय ५१ जना केन्द्रीय कमिटी चयन गर्ने छ । गत भदौमा सम्पन्न दोस्रो विधान महाधिवेशनले पारित विधान संशोधन प्रस्ताव केन्द्रीय कमिटी संख्या घटाएको थियो । एमाले महाधिवेशनमा करिब दुई हजार २ सय प्रतिनिधि सहभागी हुनेछन् ।

एमाले महाधिवेशन यही मंसिर २७ देखि २९ गतेसम्म काठमाडौंमा हुँदैछ । महाधिवेशनको बन्दसत्र भने भृकुटीमण्डपमा हुने जनाइएको छ ।

# बुढानीलकण्ठलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल



**काठमाडौं/मस–** काठमाडौं बुढानीलकण्ठ नगरपालिकाले धार्मिक एवं पर्यटकीय गन्तव्यका रुपमा रहेको बुढानीलकण्ठ मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गर्दै आएको छ ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, सांस्कृतिक तथा वैज्ञानिक संगठन (युनेस्को) सँग बुढानीलकण्ठ विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गरिएको सो नगरका प्रमुख मीठाराम अधिकारीले बताए ।

नगरको १२औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रमुख अधिकारीले नेपाल सरकारको सम्बन्धित निकाय र पक्षसँग सो विषयमा विभिन्न चरणमा कुरा भएको जनाए । उनले अधिग्रहण भएका सार्वजनिक जग्गा फिर्ता ल्याउन पालिका सक्रिय भएको बताए ।

प्रमुख अधिकारीले शिक्षा, स्वास्थ्य, पूर्वाधार र खेलकूदलाई प्राथमिकता दिइएको र शिक्षा क्षेत्रको बजेट बढाएर १३ करोडसम्म पुऱ्याइएको जनाउँदै कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराइएको बताए ।

सो पालिकाले ४ जिपिए ल्याउने सामुदायिक विद्यालयलाई पाँच लाख र विद्यार्थीलाई एक लाख पुरस्कार दिँदै आएको जनाएको छ । नगरपालिकाले नगर अस्पतालबाट दैनिक ३ सय भन्दा बिरामीको उपचार गर्दै आएको छ । स्थापना दिवसका अवसरमा बागमती प्रदेशको श्रम, रोजगार तथा यातायातमन्त्री जयराम थापाले विकास, सुशासन र सेवा प्रवाहमा बुढानीलकण्ठ नगरपालिकाले गरेको कामप्रति प्रशंसा व्यक्त गरे । नगरका उपप्रमुख अनिता लामाले जनताले पाउने सेवालाई परिणामुखी बनाउन कर्मचारी संयन्त्रले राम्रो काम गर्दै आएको बताइन् ।

# योमरी पुन्हीलाई संस्कारका रूपमा मनाउनुपर्छ : उपप्रमुख ढंगोल



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले योमरी पुन्हीलाई संस्कारका रूपमा मनाउनुपर्ने बताएकी छन् । २२औं राष्ट्रिय ज्यापु दिवस तथा योमरी पुन्हीको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् ।

उनले ज्यापु दिवसले मेहनत, माटो र पहिचान दर्शाउने उल्लेख गरिन् । उपमेयर डंगोलले यामरी पुन्ही एउटा पर्व मात्र नभइ संस्कार भएको जिकिर गरिन् । उनले यो दिनलाई विभिन्न जात्रा, पर्व, परम्परा मात्रै नभइ अस्तित्वको रुपमा लिनुपर्ने उल्लेख गरिन् । काठमाडौं उपत्यकाका नेवार समुदायले नयाँ धान घरमा भित्र्याउने र नयाँ धानबाट बनाइएको योमरी देवी अन्नपूर्णलाई अर्पण गर्ने परम्परा रहेको छ ।

'ज्यापु दिवसले ज्यापुहरुको मेहनत, माटो र अझ हाम्रो पहिचान दर्शाइरहेको छ । त्यसकारण पनि आजको दिन महत्त्वपूर्ण छ । यो हामीले पर्व मात्र होइन, संस्कारको रुपमा लिनुपर्दछ । हाम्रा विभिन्न जात्रा, पर्वलाई परम्परा मात्रै होइन, अस्तित्वको दिनका रुपमा लिनुपर्छ । नयाँ धान उब्जनी गरिसकेपछि नयाँ धान घरमा भित्र्याउँछौं । नयाँ धानबाट योमरी बनाएर अन्नपूर्णलाई अर्पण गर्दछौं,' उनले भनिन् । उपप्रमुख डंगोलले नेपालीको नाम विश्वव्यापी रूपमा गर्व गर्न लायक बनाउनुपर्ने बताइन् ।

# रत्नपार्कमा निःशुल्क इन्टरनेट




**काठमाडौं/मस–** काठमाडौं रत्नापार्कमा जाडो याममा घाम ताप्दै निःशुल्क इन्टरनेट चलाउन पाइने भएको छ । कुनैबेला अस्तव्यस्त फुटपाथ भएको क्षेत्रका रुपमा स्थापित (शंखधर उद्यान) रत्नपार्क व्यवस्थित बनेसँगै निःशुल्क वाइफाइ सेवासमेत जडान सुरु गरिएको छ ।

महानगरपालिका अन्तर्गतको हरियाली प्रवर्द्धन आयोजनाले नेपाल टेलिकमका छ वटा राउटर ल्याएर रत्नापार्कमा निःशुल्क वाइफाइ जडानको काम गरिरहेको छ । शंखधर उद्यान तथा रानीपोखरी एकाइका टेक्निसियन सुरेशकुमार श्रेष्ठले मंसिरभित्रै रत्नपार्कको सबै स्थानमा निःशुल्क इन्टरनेट सेवा प्रदान गरिने बताए अव्यवस्थित रत्नापार्कलाई काठमाडौं महानगरपालिकाले आर्थिक वर्ष २०७२/७३ मा करिब रु ८० लाखको लागतमा पुनःनिर्माण र व्यवस्थापन गरेपछि रत्नपार्कको मुहार फेरिएको छ भने अहिले रत्नपार्कभित्र छिर्ने सर्वसाधारणको संख्यासमेत बढेको छ ।

काठमाडौं महानगरपालिकाले रत्नापार्कलाई व्यवस्थित बनाएसँगै अहिले रत्नपार्कमा वृद्धवृद्धा घाम ताप्नदेखि युवायुवती तस्बिर खिच्न र रमाउन पुग्ने गरेका छन् । महानगरपालिकाअन्तर्गतको हरियाली प्रवर्द्धन आयोजनाद्वारा हाल सञ्चालनमा रहँदै आएको रत्नपार्कलाई शंखधर पार्कका रूपमा समेत चिनिँदै आएको छ । महानगरपालिकाले २०७२ असार १५ देखि रत्नपार्क प्रवेशमा शुल्क लिने व्यवस्था गरेको थियो ।

# इन्फ्लुएन्जा 'फ्लु'बाट बच्न आग्रह



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले इन्फ्लुएन्जा (फ्लू)बाट बच्न आग्रह गरेको छ ।

मन्त्रालयले चिसो बढेसँगै इन्फ्लुएन्जा (फ्लू) सङ्क्रमण बढ्ने भएकाले बच्न आग्रह गरेको हो ।

जाडोमा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैँसे र वृद्धवृद्धासमेत सबै उमेरका व्यक्तिलाई फ्लू लाग्न सक्छ । मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले विशेष गरि बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसमा इन्फ्लुएन्जा भाइरस सङ्क्रमणको सम्भावना बढी हुने गरेको बताए ।

उनका अनुसार फ्लू भएका अधिकांश व्यक्तिलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधि आवश्यक नपर्ने हुन्छ । तर दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिलाई स्वास्थ्यकर्मीको निगरानीमा राख्नुपर्ने हुन्छ ।

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ । ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन् । भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक हुँदा पनि फ्लू लाग्न सक्छ ।

ज्वरो आउनु, टाउको दुख्नु, खोकी लाग्नु र घाँटी दुख्नु, नाक बन्द हुनु वा सिँगान बग्नु, जिउ र मांसपेशी दुख्नु, थकान महसुस हुनु हो । बिरामी भएका व्यक्तिहरुसँग भौतिक दूरी राख्ने, खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने, शारीरिक रुपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने गर्नुपर्दछ । यस्तै बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, आफ्नो आँखा, नाक वा मुख नछुने गर्नुपर्दछ ।

# भाइको हत्या गरेर दाजु फरार

**प्रवेश विष्ट/मध्यान्ह**
विराटनगर, १८ मंसिर

मोरङको जहदा गाउँपालिका-७ तरिगामास्थित मझारेमा दाइले भाइको हत्या गरेका छन् । घरयासी सामान्य विवाद हुँदा दाजुले धारिलो हतियार प्रहार गरी भाइको हत्या गरेका हुन् ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी निरीक्षक लेखनाथ दाहालका अनुसार मझारेका २८ वर्षीय श्रवणकुमार साहको बुधबार राति उपचारका क्रममा मृत्यु भएको हो । दाजुभाइबीच विवाद हुँदा धारिलो हतियारबाट घाइते भएका श्रवणको राति नै उपचारका क्रममा विराट टिचिङ अस्पतालमा मृत्यु भएको हो ।

मृतक श्रवणको पोस्टमार्टम गरेर शव परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ । बुधबार राति पौने ९ बजे मृतक श्रवण र उनका दाजु नाताका सोही ठाउँका ३० वर्षीय राजकुमार साहबीच विवाद भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । श्रवणलाई हतियार प्रहार गरे लगत्तै राजकुमार भारततर्फ फरार भएका छन् । घटनास्थलबाट भारतीय सीमा करिब १ सय मिटर दूरी मात्रै रहेकाले उनी सहजै भाग्न सफल भएको प्रहरीले जनाएको छ । फरार भएका राजकुमारको भारतीय प्रहरीसँग समन्वय गरेर खोजी भइरहेको प्रहरीले बताएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## Gandaki Rural Municipality
## Office of Rural Municipal Executive
**Bhulmichok, Gorkha**
**Gandaki Province, Nepal**

### Invitation for E-Bids

**Date of publication: 2025-12-05 (2082-08-19)**

1. Gandaki Rural Municipality has allocated funds towards the cost of digital equipments and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Gandaki Rural Municipality, Office of Municipal Executive Invites Electronic Bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| GRM/GOODS/ NCB/05/2082/83 | Procurement and Supply of Digital Smart Board and Biometric Attendance Device | NCB-GOODS | 31,85,757.63/- | 3,000/- | 90,000/- | 90 days /120 days after bid opening | 2026-01-04 (2082-09-20) 12.00 | 2026-01-04 (2082-09-20) 13.00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gandaki Rural Municipality, Office of Municipal Executive, Bhumlichok Gorkha, Gandaki Province, Nepal 9764398620 or may visit PPMO website www.bolpatra.gov.np/egp or www.gandakimun.gov.np.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१९ मंसिर २०८२ शुक्रबार
5 December 2025 Friday

## सम्पादकीय

# अख्तियारले जगाएको आशा

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पछिल्ला तीन महिनामा देखाएको सक्रियताले सुशासनको पक्षमा उत्साह देखिएको छ । जेनजी विद्रोह (२३–२४ भदौ)को मुख्य माग नै भ्रष्टाचारविरूद्ध थियो । उक्त विद्रोहले सत्ता उलटफेर गरेपछि राज्यका निकायहरूले राजनीतिक दबाब र हस्तक्षेपबिना काम गर्ने धेरैको अपेक्षा थियो । आयोगका पदाधिकारीप्रति अविश्वास गर्दै राजीनामाको मागसमेत गरिएको थियो । तर यसबीचमा अख्तियारले बढाएको सक्रियतालाई त्यसैको परिणामका रूपमा पनि व्याख्या गरिएको छ ।

असोजदेखि मंसिरको पहिलो सातासम्म अख्तियारले भ्रष्टाचारविरूद्धका ३६ मुद्दा विशेष अदालतमा दायर गरेको छ । असोजमा १२, कात्तिकमा ११ र मंसिरमा १३ मुद्दा दायर भए । यी आरोपपत्रले भ्रष्टाचारविरूद्धको अनुसन्धानले गति लिन थालेको देखाउँछ । यसले एकातिर उजुरीका मुद्दा छानबिन गर्ने क्षमतामा वृद्धि भएको देखाउँछ भने अर्कोतर्फ संस्थागत जिम्मेवारीप्रति प्रतिबद्धता बढ्दै गएको बुझाउँछ । यी मुद्दामा १ सय ७६ जनालाई भ्रष्टाचारमा संलग्न रहेको ठहर गर्दै कानुनी कारबाही अघि बढाइएको छ । कानुनी परीक्षण बाँकी रहेको भए पनि भ्रष्टाचारविरूद्ध नियमित रूपमा मुद्दा दर्ता हुन थालेका छन् । यसले सुशासनप्रति आशा जगाएको छ ।

भक्तपुरको नलिन्चोक हेलिपोर्ट निर्माणमा देखिएको अनियमिततासम्बन्धी मुद्दाले अख्तियार उच्च राजनीतिक पहुँच रहेका व्यक्तिसम्म पुग्न तयार रहेको स्पष्ट हुन्छ । त्यसो त विगतमा पूर्वप्रधानमन्त्रीविरूद्धसमेत भ्रष्टाचार मुद्दा दर्ता गरेका दृष्टान्त पनि छन् । तर स्थानीय तहदेखि संघीय निकायसम्म भ्रष्टाचारका जरा फैलिएको यथार्थलाई उजागर गर्दै अख्तियारले कानुनी कठघरामा ल्याउने प्रयत्न गरेको देखिन्छ । यो सक्रियता क्षणिक उत्साहमा सीमित नहोस् । भ्रष्टाचारविरूद्धको कारबाही निरन्तर, निष्पक्ष र तथ्य–प्रमाणमा आधारित रूपमा अघि बढ्नुपर्छ । दायर भएका मुद्दा अदालतमा ठोस रूपमा प्रस्तुत हुनु, दण्डहीनता अन्त्य हुनेगरी प्रक्रियागत पवित्रता कायम हुनु र राजनीतिक वा प्रशासनिक हस्तक्षेपबाट आयोग स्वतन्त्र रहनु अत्यावश्यक छ । जेनजी पुस्ताले उठाएको सुशासनको मागलाई संस्थागत रूपमा कार्यान्वयन गर्ने अवसर अहिले अख्तियारसँग छ । यसलाई प्रभावकारी रूपमा अघि बढाउन सकेमा भ्रष्टाचार नियन्त्रण मात्र होइन, राज्यप्रतिको नागरिक भरोसासमेत पुनर्स्थापित गर्न पनि मद्दत पुग्नेछ । त्यस अर्थमा अख्तियारले देखाएको पछिल्लो सक्रियता स्वागतयोग्य छ–अब यसको निरन्तरताले नै सुशासनको वास्तविक आधार तयार पार्न सक्छ ।

# ‘एलजी–पास’ प्रणाली र स्थानीय शासन

*स्थानीय शासनको आधुनिक ढाँचा अब कागजी प्रक्रियाभन्दा धेरै अगाडि गएर ई-गभर्नेन्स, डिजिटल डाटाबेस र अनलाइन सेवा प्रवाहमा आधारित हुँदै छ । यही कारणले स्थानीय तहहरूले पछिल्लो समय संस्थागत प्रणालीलाई डिजिटल माध्यमसँग अनुकूल बनाउन संरचनागत सुधारलाई तीव्र गति दिएका छन् ।*

अग्रलेख



● जीवन शर्मा

नेपालको संविधान २०७२ को धारा ५६ ले नेपालको शासकीय संरचनालाई संघ, प्रदेश र स्थानीय सरकार गरी तीन तहमा अधिकार विभाजन गरेको छ । स्थानीय सरकारलाई नेपालको संविधानले सशक्त शासकीय इकाइका रूपमा परिकल्पना गरेको छ । संविधानले स्थानीय तहको एकल अधिकारलाई संविधानको अनुसूची ८ मा विभिन्न २२ वटा विषय तोकेको छ ।

संविधान जारीपछि राज्यको पुनर्संरचना गर्ने सन्दर्भमा ७ सय ५३ स्थानीय सरकार र ७७ जिल्ला समन्वय समितिको संरचनालाई स्वीकार गरिएको छ । स्थानीय सरकारअन्तर्गत ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका छन् । संविधानले जनताको नजिकको सरकारका रूपमा स्थानीय सरकारलाई संविधान र कानुनले प्रदान गरेको विधायिकी, कार्यकारिणी, न्यायिक, आर्थिक र विकाससम्बन्धी अधिकारको सफल कार्यान्वयन गर्न सकेमा नेपालीको आर्थिक, सामाजिक समृद्धि र दिगो विकासको लक्ष्य हासिल गर्न सक्षम हुने देखिन्छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको संस्थागत क्षमता, वित्तीय सुशासन तथा स्थानीय आर्थिक विकास मूल्यांकनसम्बन्धी पूर्ववत् तीनवटा अलगअलग कार्यविधिलाई एकीकृत एवं परिमार्जन गरी ‘एलजी-पास-२०८२’ जारी गरेसँगै आगामी आर्थिक वर्ष २०८२/८३ देखि यसले स्थानीय शासनको कार्यसम्पादन र सुशासनको स्तर मापन गर्ने मुख्य आधार निर्माण गरेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि-२०७७, स्थानीय तह वित्तीय सुशासन मूल्यांकन कार्यविधि-२०७७ र स्थानीय आर्थिक विकास मूल्यांकन कार्यविधि-२०७९, यी तीनवटै कार्यविधिलाई एकीकृत तथा परिमार्जन गरी एलजी-पास कार्यविधि-२०८२ लाई जारी गरिसकेको अवस्था छ । यस एलजी-पासको उत्कृष्ट अंकभारका लागि ७ सय ५३ वटै स्थानीय तहलाई पत्राचार गरिसकेको छ । यसपटक मूल्यांकन अब केवल कागजी प्रक्रिया नभई परिणाममुखी शासन, डिजिटलीकरणको प्रयोग, सेवा प्रवाहको मापन र वित्तीय सुनिश्चिता जस्ता व्यावहारिक सूचकमा आधारित हुनेछ ।

सबै स्थानीय तहका लागि एलजी-पास उत्कृष्ट अंकभार प्राप्त गर्नु केवल प्रतिष्ठाको कुरा मात्र होइन, केन्द्र-प्रदेशबाट प्राप्त अनुदान, परियोजना प्राथमिकता र विकास साझेदारीमा पनि ठुलो प्रभाव पार्ने निर्धारक तत्व बन्न गएको छ ।

### डिजिटल प्रणालीसँग अनुकूलता

एलजी-पास-२०८२ कार्यान्वयनका प्रमुख आधारमध्ये डिजिटलीकरण प्रथम प्राथमिकताका रूपमा उदाएको छ । स्थानीय शासनको आधुनिक ढाँचा अब कागजी प्रक्रियाभन्दा धेरै अगाडि गएर ई-गभर्नेन्स, डिजिटल डाटाबेस र अनलाइन सेवा प्रवाहमा आधारित हुँदै छ । यही कारणले स्थानीय तहहरूले पछिल्लो समय संस्थागत प्रणालीलाई डिजिटल माध्यमसँग अनुकूल बनाउन संरचनागत सुधारलाई तीव्र गति दिएका छन् ।

सबैभन्दा पहिले, प्रशासनिक निर्णय, कार्यविधि, राजस्व अभिलेख, योजना-दस्ताबेज, सार्वजनिक खरिद र अडिटसम्बन्धी कागजात डिजिटल अभिलेखीकरणतर्फ लैजाने कार्य तीव्र रूपमा भइरहेको छ । यसले एलजी-पासमा रहेको ‘डाटा-व्यवस्थापन र पारदर्शिता’ सूचकमा सुदृढ आधार तयार गरिरहेको छ ।

यस्तै, एमआइएस सिस्टम, डिजिटल फाइल सिस्टम, ई-एटेन्डेन्सजस्ता प्राविधिक प्लेटफर्महरूको प्रयोग विस्तार गर्दै स्थानीय तहहरूले प्रशासनिक कार्यक्षमता मात्र बढाएको छैन, निर्णय प्रक्रियामा पारदर्शिता र उत्तरदायित्व पनि स्थापित गरेका छन् । नागरिक सेवा प्रवाहका अधिकांश क्षेत्र- जन्मदर्ता, नागरिकता सिफारिस, निवेदन दर्ता, कर भुक्तानी, प्रमाणपत्र वितरण अनलाइन पहुँचयोग्य बनाउने कार्यले स्थानीय तहलाई स्मार्ट प्रशासनतर्फ उन्मुख बनाएको छ । साथै, नागरिक प्रतिक्रिया प्रणाली, आरटिआइ डिजिटल सेवा तथा सेवा समयसारिणीको अनलाइन प्रकाशनले नागरिकसँगको अन्तर्क्रिया थप विश्वसनीय र पारदर्शी बनाएको छ ।

धेरैजसो स्थानीय तहले अहिले एलजी-पास अनुरूपका डाटा, कागजात र प्रक्रिया व्यवस्थित गर्न एमआइएस, ई-गभर्नेन्स सिस्टम र डिजिटल फाइल व्यवस्थापनहरूको प्रयोग तीव्र रूपमा बढाएका छन् । प्रशासनिक निर्णय र प्रक्रिया अब डिजिटल अभिलेखका रूपमा सुरक्षित गरिँदै छन् । नागरिक बडापत्र, सेवा समयसारिणी, अनलाइन आवेदन प्रणाली, नागरिक प्रतिक्रिया प्रणाली सक्रिय पारिँदै छ । यसले मूल्यांकनमा ‘पारदर्शिता र सेवा वितरण’सम्बन्धी सूचकमा उच्च अंक दिलाउने अपेक्षा गरिएको छ ।




### वित्तीय सुशासनतर्फ कडाइ

एलजी-पास-२०८२ मा वित्तीय सुशासन महत्वपूर्ण स्तम्भमध्ये एक छ । स्थानीय तहहरूले वार्षिक अडिटमा देखिएका कमजोरी हटाउने, बजेट-समायोजन, पुनः विनियोजन र खर्च व्यवस्थापनमा अनुशासन, पिएमएफ (सार्वजनिक वित्तीय व्यवस्थापन) सुधार योजनाको कार्यान्वयनजस्ता मुद्दामा बढी चासो दिइरहेका छन् । स्थानीय शासनलाई प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउने देशव्यापी प्रयास अहिले निर्णायक मोडमा पुगेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कार्यान्वयनमा ल्याएको एलजी-पास कार्यविधि-२०८२ ले वित्तीय पारदर्शिता र खर्च अनुशासनलाई स्थानीय तहको मुख्य सूचकका रूपमा उभ्याएको छ । नेपालको स्थानीय शासन प्रणाली अब केवल सेवाप्रवाहको होइन, सही वित्तीय आचरण र जिम्मेवार निर्णय प्रक्रियाको प्रतिस्पर्धामा प्रवेश गरेको छ ।

आज वित्तीय सुशासनमा कडाइ किन आवश्यक छ ? कारण स्पष्ट छ- अनियोजित खर्च, परियोजना दोहोरिनु, प्राविधिक मूल्यांकनबिना बजेट विनियोजन, प्रतिबद्धताभन्दा बढी खर्च गर्ने प्रवृत्ति, आन्तरिक नियन्त्रण कमजोर हुनु र नागरिक सहभागितामै त्रुटि । यी कमजोरीले स्थानीय विकासको आधारलाई कमजोर बनाउँछन् र अन्ततः आमनागरिकको विश्वास नै चोट पुग्छ । वित्तीय कार्यविधि पूर्ण पालना गर्ने तह उत्कृष्ट वर्गमा पर्न नजिक रहेका छन् ।

### योजना छनोटमा वैज्ञानिकता

योजना छनोट अब मनलाग्दी होइन, एलजी-पासद्वारा तोकिएका मापदण्डअनुसार सबै योजनाको प्राक्कल्पना, औचित्य, सामाजिक-आर्थिक प्रभावकारिता परीक्षण गरेर मात्रै योजना चयन हुने व्यवस्था गरिएको छ । सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण तथा लाभग्राही पहिचान, यी सबैलाई व्यवस्थित गरेर प्रमाणसहित अपलोड गर्नुपर्नेछ । यसअघि देखिएको ‘छरितो योजना’ अब क्रमशः एकीकृत विकास दृष्टिमा रूपान्तरित हुँदै छ ।

### स्थानीय आर्थिक विकासतर्फ मजबुत सक्रियता

२०७९ को लिड मूल्यांकन कार्यविधि अब एलजी-पासभित्र समाहित भएको छ । त्यसअनुसार धेरै स्थानीय तहले स्थानीयस्तरीय उद्योग/उद्यम डाटाबेस तयार गर्ने, कृषि-उद्यमशीलता, पर्यटन, सेवा-व्यापारका क्लस्टर विकास, निजी क्षेत्रसँग सहकार्य (पिपिपी) बढाउनेजस्ता पहललाई प्राथमिकतामा राखेका छन् । यसले ‘आर्थिक सुशासन र वृद्धि सम्भावना’ सूचकमा अंक वृद्धि गर्नेछ ।

स्थानीय शासन प्रभावकारी बन्न जनताको विविधता बुझ्नुपर्छ । समुदाय, जातीय समूह, महिला, युवा, अपांगता भएका व्यक्ति, विपन्न वर्ग सबैको आवाज समान रूपमा सुन्ने र प्रतिनिधित्व सुनिश्चित गर्ने प्रक्रिया नै समावेशी शासनको मूल आधार हो । तर व्यवहारमा, बजेट विनियोजन, योजना छनोट, नेतृत्व सहभागिता, सेवा प्रवाहमा असमानता अझै देखिन्छ । यिनै चुनौतीलाई हटाउन अब नीतिगत प्रतिबद्धता मात्र पर्याप्त छैन, व्यावहारिक सुधार आवश्यक छ ।

### समावेशीकरणका प्रमुख सुधारका दिशा

सहभागी योजना तर्जुमा, सुनुवाइ, मञ्च, वडास्तरीय परामर्श, विषयगत समूहको सहभागिता आवश्यक छ । यी सबै प्रक्रियामा कमजोर आवाज भएका समुदायलाई प्राथमिकता दिनुपर्छ । स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, नागरिक सेवा, यी सबैमा भौगोलिक, आर्थिक वा सामाजिक आधारमा विभेद हटाउनुपर्छ । डिजिटल पहुँच नभएका समुदायलाई वैकल्पिक माध्यम, स्थानीय सहजीकरण तथा मोबाइल सेवा प्रवाहले समावेशी बनाउन सकिन्छ । दलित, महिला, अपांगता भएका व्यक्तिहरू तथा अल्पसंख्यक समुदायका लागि छुट्टै कार्यक्रम, लैंगिक तथा सामाजिक समावेशी बजेटिङ, युवा-अनुकूल नीतिलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न थालिएको छ । एलजी-पासले यी सामाजिक आयामलाई उच्च मूल्यांकन सूचकमा राखेकाले स्थानीय तहहरू यसतर्फ विशेष ध्यान केन्द्रित गरिरहेका छन् ।

### अनुगमन-मूल्यांकन प्रणाली सुदृढीकरण

